नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(.........................................शाखा)
सानोठिमी, भक्तपुर

पत्र संख्या :- २०७७/०७८
चलानी नं. :- २५४

मिति: २०७८/०३/२०

विषयः राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागि विनियोजन भएको रकम निकासा सम्बन्धमा ।

श्री स्थानीय तहहरू सबै

प्रस्तुत विषयमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०७७/१२/१९ को निर्णयानुसार स्वीकृत भएको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगतका क्रियाकलापहरू कार्यान्वयन गर्ने सम्वन्धी प्रकृया (शर्तहरू) हरु सम्वन्धित सबै स्थानीय तह र विद्यालयहरूलाइ यस अगाडि नै जानकारी गराइ सकिएको छ । हाल राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगतका क्रियाकलापहरू कार्यान्वयनकै क्रममा रहेको अवस्थामा कोभिड-१९ को प्रभाव र केही समय ढिला गरी भएको तेस्रो चौमासिक निकासा फुकुवा जस्ता प्राविधिक र प्रशासनिक कारणले तोकिएको क्रियाकलापहरू मध्ये भौतिक निर्माण तर्फका कार्यक्रमहरू चालु आ.व. २०७७/०७८ भित्रै सम्पन्न गर्न प्राविधिक र व्यावहारिक रूपमा पनि कठीनाइ हुने देखिएको तर कार्य सम्पन्न हुन नसकेको अवस्थामा यही प्रयोजनको लागि आगामी आ.व.मा बजेट व्यवस्था नभएकोले लेखापरीक्षण, प्रतिवेदन, सामाजिक परीक्षण लगायतका कार्यहरूको लागि सम्बन्धित विद्यालयहरूलाई नै जिम्मेवार र जवाफदेही बनाउने गरी स्वीकृत कार्यक्रमको लागि विनियोजन भएको बजेट सम्बन्धित विद्यालयको खातामा तत्काल निकासा दिइ सम्पन्न हुन बाँकि काम यथासिघ्र सम्पन्न गर्ने गराउने आवश्यक व्यवस्था मिलाइदिनु हुन यस केन्द्रको मिति २०७८/०३/२० को निर्णयानुसार अनुरोध छ ।

<u>बोधार्थ:</u>

श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै ।
श्री विद्यालयहरू, सबै ।

बैकुण्ठ प्रसाद अर्याल
महानिर्देशक

फोन नं. : ६६३४१७८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७१, ६६३१९७४, ६६३३६२५, ६६३३०२८, फ्याक्स नं. : ६६३१९७२, ६६३१९७३, ६६३३६२४
वेभसाइट : www.doe.gov.np, इमेल : doestat@mos.com.np, doedg@mos.com.np